# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७७
# त्रिवेणी गाउँपालिका, रोल्पा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सामाजिक सेवा बिभाग

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रदेश नं. ५, कर्णाली र सुदूरपश्चिम प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**

पत्र संख्या: २०७६/७७

च.नं १८

मिति: २०७७/३/२८

श्री अध्यक्षज्यू,
त्रिवेणी गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, रोल्पा ।

**विषयः- लेखापरीक्षण प्रतिवेदन ।**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७५।७६ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(चन्द्रकान्त भण्डारी)
नायव महालेखापरीक्षक

# महालेखापरीक्षकको भनाई



(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन,२०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७५/७६ को आर्थिक कारोवारको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, बित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीयतह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन नियम समेतको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७५/७६ को लेखापरीक्षण सम्पन्न भए पश्चात जारी प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका बिषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन जारी गरिएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः स्थानीय तहमा प्राप्त हुने अनुदान, आन्तरिक आय र राजश्व बाँडफाँडको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आयतर्फ संकलन न्यून रहेको, बजेट अनुशासन कमजोर रहेको, अवण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, बर्षान्तमा बढी खर्च गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, वितरणमुखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृति देखिएका छन । त्यसैगरी  विकास निर्माण तर्फ योजना प्राथामिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिए बमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालिन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन । स्थानीयतहको आन्तरिक व्यवस्थापन तर्फ आवश्यक शीपयुक्त जनशक्तिको कमी रहेको, सेवाप्रवाहमा अपेक्षित सुधार हुन नसकेको, श्रोत साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, संचालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, लेखांकन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । गतविगतमा लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार तथा बेरुजू उपर अपेक्षित रुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन् ।

समय र जनशक्तिको सीमितताको वावजुद यथासम्भब स्थानीयतहको कार्यस्थलमा नै उपस्थित भै लेखापरीक्षण गर्ने प्रयास गरिएको थियो । लेखापरीक्षणको क्रममा स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापनमा सुधार हुने, भौतिकपूर्वाधार र सेवाप्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु । आगामी दिनमा समेत यस्तै सहयोगको अपेक्षा गर्दछु ।

२०७७ आषाढ २८ गते ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
सामाजिक सेवा बिभाग

Phone : 4258174
4266034
4255707
A.G.Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाण्डौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

**प्रदेश नं. ५, कर्णाली र सुदुरपश्चिम लेखापरीक्षण महानिर्देशनालय**

मितिः २०७७।३।२८

पत्र संख्या : २०७५।७६

च.नं.: १८

श्री अध्यक्षज्यू,
त्रिवेणी गाउं कार्यपालिकाको कार्यालय,
रोल्पा ।

**विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u>** ।

**कैफियत सहितको राय**

हामीले त्रिवेणी गाउपालिका, आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७६ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७५।७६ को बित्तीय विवरण र त्यससंग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसंग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूत रुपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१.पालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा प्रयोग गरी बित्तीय बिबरण तयार गरेको छैन ।

२.लेखापरीक्षणबाट रु.५७ लाख ८१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ३१ लाख ८३ हजार, नियमित गर्नुपर्ने रु. १८ लाख १४ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.२ लाख ४५ हजार र पेश्की ५ लाख ३९ हजार रहेको छ ।

३.लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७६।६।६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहित प्रमाण कागजातका आधारमा फछ्यौंट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना १४ यसैसाथ संलग्न छ ।

४.आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसंग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडारहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गांउ कार्यपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडारहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसंग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादनभएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(चन्द्रकान्त भण्डारी)
नायब महालेखापरीक्षक

.

**त्रिवेणी गाउंपालिका**
**लेखापरीक्षण प्रतिवेदन**
**२०७५/७६**

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न त्रिवेणी गाउपालीकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु हो । यो गाउंपालीका अर्न्तगत ७ वडा रहेको ३० सभा सदस्य २०५.३७ व.की.मी.क्षेत्रफल २६१६८ जनसंख्या ५ नं. प्रदेशमा अवस्थित छ ।

**१. स्थानीय संचितकोषः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ वमोजिम त्रिवेणी गाउंपालीकाले प्राप्त गरेको आय, अनुदान तथा साहायता र स्थानीय सरकार संचालन नभएका व्ययहरुको आयव्यय हिसावको आर्थिक वर्ष २०७५।७६ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ ।

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | |
|---|---|---|---|---|---|---|
| | विवरण | रकम | | | विवरण | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | - | | १ | **चालु खर्च** | २१,९५०५,७५९।८४ |
| | क) नगद | - | | २ | **पूँजीगत खर्च** | १३,२५,८२,०३९। |
| | ख) बैंक : | ५,२५,८०,१२०। | | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | |
| २ | **राजस्व (आन्तरिक आय)** | - | | | क) ऋण भुक्तानी | - |
| | क) आन्तरिक राजस्व : | ६१,४१,६९७५० | | | ख) ब्याज भुक्तानी | - |
| | ख) राजस्व बाँडफाँडः ६,२७०८५६८।११ | ६२७०८५६८।११ | | | ग) अन्य भुक्तानी | - |
| | ग) अन्य आय | - | | ४ | **लगानी** | |
| ३ | **वित्तीय हस्तान्तरण** | | | | ऋण लगानी | - |
| | क)वित्तीय समानीकरण अनुदान | ८,६७,००,०००। | | | शेयर लगानी | - |
| | ख) सशर्त अनुदान | १४९१९५०००। | | | अन्य लगानी | - |
| | ग) समपूरक अनुदान | - | | ५ | **धरौटी फिर्ता** | ३,८८,८१७२५ |
| | घ) विशेष अनुदान | २,५०,००,०००। | | ६ | **कोष खर्च** | ३,३८,०००। |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | ७ | **मौज्दात** | - |
| | क)वित्तीय समानीकरण अनुदान | ४०९५,०००। | | | क) नगद मौज्दात | - |
| | ख) सशर्त अनुदान | ९६००,०००। | | | ख) बैंक मौज्दात | ५,६७,७०,८८५।८७ |
| | ग) समपूरक अनुदान | ९७९२,०००। | | | | |
| | घ) विशेष अनुदान | - | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | - | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | - | | | | |
| | क) ऋण प्राप्ति | - | | | | |
| | ख) साँवा प्राप्ति | - | | | | |
| | ग) ब्याज प्राप्ति | - | | | | |
| | घ) अन्य प्राप्ति | - | | | | |
| ७ | **विभिन्न कोषतर्फको आय** | ३१९६५४४।१० | | | | |
| ८ | **जनसहभागिता (नगद)** | - | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | - | | | | |
| १० | **धरौटी आय** | ५७६५७२।२५ | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | - | | | | |
| १२ | **अन्य विविध आय** | - | | | | |
| | **जम्मा** | ४०,९५,८५,५०१।९६ | | | **जम्मा** | ४०,९५,८५,५०१।९६ |

| दफा नं | लेखापरीक्षणबाट देखिएका व्यहोरा | वेरुजु रकम रु | फछ्र्यौटको विवरण |
|---|---|---|---|
| | महालेखा परीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७६, मन्त्रालयगत लेखापरीक्षण योजना एवं स्वीकृत एकाईगत लेखापरीक्षण योजना बमोजिम लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन तयार गरिएको छ । लेखापरीक्षणमा पेश भएसम्मका आर्थिक कारोवार संग सम्वन्धीत निकायवाट प्राप्त जानकारी अनुसार तयार गरी स्वीकृत भएको समष्टिगत लेखापरीक्षण योजना, इकाईगत लेखापरीक्षण योजना, जोखिम विश्लेषण, नमूना छनौट र व्यवस्थापन प्रतिनिधित्व पत्रको आधारमा वित्तीय विषयको लेखापरीक्षण नीति, मापदण्ड, मार्गदर्शन, निर्देशन एवं व्यवसायीक लेखापरीक्षणका असल अभ्यास र लेखापरीक्षण सीमाको आधारमा तथा राजश्वको असुलि र दाखिलाको जोड जम्मा आन्तरिक लेखापरीक्षणको आधार तथा उपलव्ध भए सम्मका श्रेस्ता परीक्षणवाट तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदाउपर कार्यालयका सम्वन्धीत पदाधिकारी वीच मिति २०७६।०६।०५ मा वहिर्गमन वैठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तीय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । | | |
| | भौचर नं. ३३९७०१५, मिति २०७६।५।१९ ने.वैं.लि.,रोल्पा १५११२ राजश्व खातामा ले.प.को क्रममा राजश्व खातामा रु.६,२५०१६। दाखिला भएको छ । | | |
| १ | **खर्च गर्ने अख्तियारी र कार्यविधिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । अध्यक्षले प्रमुख प्रशासकिय अधिकृत र प्रमुख प्रशासकिय अधिकृतले वडा सचिवलाई नियमानुसार अख्तियारी दिएको देखिएन । | | |
| २ | **आन्तरीक नियन्त्रण प्रर्णालीः** स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी , नियमितता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । प्रयोगमा ल्याइएका खाताहरु प्रमाणीत नभएको, जिम्मेवारी नतोकिएको र आन्तरीक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा लेखिएको देखिएन । मासीक खर्च चौमासीक खर्च सोही अनुसार फांटवारी तयार गर्नु पर्नेमा एकै पटक आषाढ महिनामा मात्र जोड जम्मा तथा फांटवारी तयार गर्ने गरेको कारण खर्च अनुपात यकिन नभएको र चालु खर्च तर्फको फांटवारी तयार नभएवाट चालु खर्चमा खर्च रकम यकिन गर्न सकिने अवस्था देखिएन । साथै माग गरीएका विभिन्न अनुसूची फारामहरु पेश नभएकोले अनुसूची सम्वन्धमा विश्लेषण गर्न सकिने अवस्था देखिएन । | | |
| ३ | **श्रोतअनुमान तथा वजेट सिमाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम गाउंपालीकामा प्राप्त हुने आन्तरिक आय , राजश्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋृण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण , सन्तुलीत वितरणमा , वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा सो अनुसार भए गरेको पाईएन । | | |
| ४ | **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय | | |

| | | | |
|---|---|---|---|
| | आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन । | | |
| ५ | **स्थनीय तथ्यांक र अभिलेख**: स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम गाउंपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । गाउंपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको देखिएन स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तर्थ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ गाउंपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।<br>गाउंपालीका कार्यालयले देहाय अनुसार प्रतिवेदन तथा विवरण तयार गर्ने गरेको देखिएन । ऐन नियममा भएको व्यवस्थाको परिपालना गर्ने तर्फ सम्वन्धीत निकायको ध्यान जानु पर्ने देखिन्छ ।<br>(क) वैंक समायोजन विवरण तयार गर्ने नगरेको ।<br>(ख) आन्तरिक लेखापरीक्षण नगरेको ।<br>(ग) योजना कार्यान्वयन तालीका निर्माण नगरेको ।<br>(घ) समयमा पेश्की फछ्र्यौट गर्ने नगरेको ।<br>(ङ) करका लागि उपयुक्त लेखा प्रणाली राखेको छैन ।<br>(च) भौतिक परिक्षण भएको तथा प्रतिवेदन तयार गरेको छैन ।<br>(छ) सांकेतीकरण, लिलाम ,राफसाफ, प्रक्रिया पुरा गरेको छैन ।<br>(ज) धरौटी खाताको आर्थिक विवरण, फांटवारी , अभिलेख आदीको व्यवस्था गरेको छैन ।<br>(झ) वजेट तथा खख्तियारी वडा कार्यालय लाई दिने नगरेको ।<br>(ञ) वार्षिक कार्यक्रम परिषद वाट स्वीकृत भै सकेपछि थप घट गर्ने संशोधन गर्ने कार्य गरेको ।<br>(ट) गाउंपालीकाले वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने गरेको छैन ।<br>(ठ) खातापाता लगत फांटवारी आदी अधिकार प्राप्त अधिकारीवाट प्रमाणीत गर्ने नगरेको । | | |
| ६ | **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९४ वमोजि लेखा नराख्ने प्रतिवेदन पेश नगर्ने लाई लेखा नरहेको रकमको ५ प्रतिशत सम्म र प्रतिवेदन पेश नगरेकोमा ७ दिनको तलव वरावरको जरीवाना गर्नु पर्ने व्यवस्था छ । स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्याक्रम वमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले वार्षिक कार्यक्रम अनुसार प्रगति प्रतिवेदन तयार नगरेको र चौमासिक खर्च सम्वन्धमा विवरण माग गरिएकोमा चौमासिक खर्च सम्वन्धी विवरण प्राप्त नभएकोले चौमासिक खर्च रकमको सम्वन्धमा विश्लेषण गर्न सकिएन । | | |
| ७ | **म्याद थप तथा पूर्वनिर्धारित क्षतिपूर्ति : ठेक्का नं.५।०७५।७६ -** जागर निगालापानी सडक स्तरोन्नती गर्न पत्रिकामा सूचना प्रकाशित भै मिति २०७५।१२।२४ मा खोलीएको वोलपत्र मध्ये मिति २०७६।३।२० भित्र सम्पन्न गर्ने गरी रु.४०६००१४। कवोल गर्ने निर्माण व्यवसायी प्रभुदेव निर्माण सेवा संग २०७६।१।२६ मा ठेक्का सम्झौता भएको देखिन्छ । निर्माण व्यवसायीले आषाढ मसान्त सम्म भूक्तानी लिएको नदेखिनुको साथै ग्याबियन जाली समयमा पाउन नसकेको कारण देखाई म्याद थपको लागि कार्यालयमा दर्ता नं.२५२५ मिति २०७६।३।२६ मा निवेदन दिएको र गाउंपालिकाको च.नं.२१९५ मिति २०७६।३।१२ मा म्याद थप २०७६ आषाढ मसान्त थप गरीएको उल्लेख छ । म्याद समाप्त हुनु आगाडी, निवेदन प्राप्त नहुदै म्याद थपको लागि सिफारिस, निर्णय वेगर पत्रको आधारमा मात्र म्याद थप भएको र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० तथा सम्झौता अनुसार म्याद | | |

<table>
<tr><td></td><td>सकिनु ७ दिन अगाडीनै म्याद थपको लागि निवेदन दिनुपर्नेमा म्याद सकिएपछि निवेदन दिएकोले नियम १२१ तथा सम्झौता वमोजिम पूर्व निर्धारित क्षतीपूर्ति १० प्रतिशतमा नवढ्ने गरी ०.०५ प्रतिशत प्रतिदिनका दरले दिन १२ को मु.अ.कर वाहेक सम्झौता रकम रु.३५९२९३३। को रु.२१५५७। असुल हुनुपर्ने र नियम विपरित म्याद थप गरी पत्राचार गर्ने पदाधिकारी लाई जिम्मेवार वनाउनु पर्ने देखिएको रु.</td><td>२१,५५७</td><td></td></tr>
<tr><td>८</td><td>विमा नभएको : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार दश लाख भन्दा वढीको निर्माण व्यवसायीले निर्माण सामाग्री, मेसिन, औजार सहित निर्माण कार्य, कामदार, निर्माण कार्यमा खटिने कर्मचारी समेतको निर्माण स्थल सुम्पीएको मिति देखि त्रुटी सच्चाएको अवधि सम्मको विमा गर्नुपर्ने उल्लेख छ । ठेक्का नं.४, ५, ०७५।७६ विमा नभई ठेक्का सम्झौता तथा कार्यादेश दिएको सम्वन्धमा सम्वन्धीत पदाधिकारी लाई जिम्मेवार वनाउनु पर्ने देखिन्छ ।</td><td></td><td></td></tr>
<tr><td>९</td><td>एजविल्ट ड्रोइङ्ग : २२९।३।३१ - ठेक्का नं. ४।०७५।७६ जुगार तिला सडक स्तरोन्नती कार्यको लागी लगत अनुमान ६०७९,८८६। मध्ये रु.४४१०१७५। कवोल गर्ने निर्माण व्यवसायी पुष्कर निर्माण सेवा संग मिति २०७६।३।२० भित्र कार्य सम्पन्न गर्ने गरी मिति २०७६।१।२५ मा सम्झौता भै अन्तीम भूक्तानी रु.४२,६४,८४९। भूक्तानी खर्च लेखेको देखिन्छ । सम्झौताको वुंदा ५६.२ अनुसार एजविल्ट ड्रोईङ्ग पेश नभएमा रु.१,००,०००। कट्टा गरी भूक्तानी दिने भनी उल्लेख भएकोमा अन्तीम भूक्तानीमा सो वापतको रकम कट्टा गरेको नदेखिएकोले उक्त रकम असुल हुनुपर्ने रु.</td><td>१,००,०००।</td><td></td></tr>
<tr><td>१०</td><td>अग्रीम कर र धरौटी दाखिला : ठेक्का नं. ४।०७५।७६ पुष्कर निर्माण सेवा लाई अन्तीम भूक्तानी दिदा कट्टा गरीएको अग्रीम कर रु.५६६१३। र धरौटी १८,८,७१०। सम्वन्धीत खातामा दाखिला भएको वैंक भौचर पेश नभएकोले उक्त रकम दाखिला भएको वैंक भौचर पेश हुनुपर्ने रु.</td><td>२,४५,३२३।</td><td></td></tr>
<tr><td>११</td><td>विद्युत पोल ढुवानी : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार लागत अनुमान तयार गर्दा वास्तविक लागतको आधारमा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । गाउंपालिकाले विद्युतीकरणमा प्रयोग हुने खम्वा को दर निर्धारण गर्दा त्रिवेणी गाउंपालिकाको लागि स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार गाउंपालिकाको लागि स्वयम दर निर्धारण गरेको देखियो । तर लागत अनुमान तयार गर्दा ढुवानी वापत अन्य जिल्लावाट ढुवानी गर्नुपर्ने देखाई निम्नानुसार उपभोक्ता समितिलाई ढुवानी भाडा समेत भुक्तानी गरेको देखियो । यसरी स्वीकृत लागत अनुमानमा समावेश गर्न नमिल्ने ढुवानी दिएको रकम अनियमित देखिएको रु.
<table>
<tr><th>भौ.नं., मिति</th><th>कामको विवरण</th><th>पार्टीको नाम</th><th>ढुवानी भाडा रकम</th></tr>
<tr><td>२२२।०७६।३।३१</td><td>मैती गैरीगाउ विद्युत विस्तार</td><td>वागेश्वरी स्टील स्ट्रक्चर प्रा.लि.</td><td>२३,०००।</td></tr>
<tr><td>२२४।०७६।३।३१</td><td>वडा नं.२ विद्युत विस्तार</td><td>,, ,, ,,</td><td>७१,३००।</td></tr>
<tr><td>२२५।०७६।३।३१</td><td>वडा नं.१ विद्युत विस्तार</td><td>पव्लीक इलेक्ट्रीक पसल</td><td>१,००,०००।</td></tr>
<tr><td>२०८।०७६।३।३१</td><td>वडा नं.३ विद्युत विस्तार</td><td>वागेश्वरी स्टील स्ट्रक्चर</td><td>३०,०००।</td></tr>
<tr><td>१९४।०७६।३।३१</td><td>वडा नं.७ विद्युत विस्तार</td><td>वागेश्वरी स्टील स्ट्रक्चर</td><td>६१,५००।</td></tr>
<tr><td>१८९।०७६।३।२७</td><td>वडा नं.५ विद्युत विस्तार</td><td>वागेश्वरी स्टील स्ट्रक्चर</td><td>७६,०००।</td></tr>
<tr><td>३९।०७५।१०।२८</td><td>वडा नं.२ विद्युत विस्तार</td><td>वागेश्वरी स्टील स्ट्रक्चर</td><td>१,५०,०००।</td></tr>
<tr><td>४१।०७५।१०।२८</td><td>वडा नं.३ विद्युत विस्तार</td><td>वागेश्वरी स्टील स्ट्रक्चर</td><td>१०,०००।</td></tr>
<tr><td>४४।०७५।११।१</td><td>वडा नं.३ विद्युत विस्तार</td><td>वागेश्वरी स्टील स्ट्रक्चर</td><td>२,००,०००।</td></tr>
<tr><td>४५।०७५।११।१</td><td>वडा नं.४ विद्युत विस्तार</td><td>वागेश्वरी स्टील स्ट्रक्चर</td><td>१,५०,०००।</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>८,७१,८००।</td></tr>
</table></td><td>८,७१,८००।</td><td></td></tr>
</table>

१२ **अधुरा निर्माण कार्य :** २२४।२०७६।३।३१ - वडा नं.२ विद्युत विस्तार तथा संरचना निर्माण कार्यको लागि लगत अनुमान ३,११,००००। भै रु.३०९९,९१५। भूक्तानी खर्च लेखेको देखिन्छ । विद्युत सामाग्री खरीद गरी मौज्दात राखेको, केहि काम वांकी रहेको भनी अनुगमन प्रतिवेदनमा उल्लेख भएको । मिति २०७६।५।२२ सम्म विद्युत पोल सम्म राखेको तार तान्ने कार्य वांकीनै रहेको निरीक्षणवाट समेत देखिन्छ । यसरी पुरा निर्माण कार्य नभएको अवस्थामा कार्य सम्पन्न प्रतिवेदन तयार गरी निर्माण कार्य पुरा भएको देखाउने प्राविधिक, भूक्तानीको लागि शिफारिस गर्ने पदाधिकारी लाई जिम्मेवार वनाउनु पर्दछ ।

| भौ.नं., मिति | कामको विवरण | पार्टीको नाम | ढुवानी भाडा रकम |
|---|---|---|---|
| २२५।०७६।३।३१ | वडा नं.२ विद्युत विस्तार | वागेश्वरी स्टील स्ट्रक्चर प्रा.लि. | ४२९७,९७८। |
| १८९।३।२९ | वडा नं. ५ विद्युत विस्तार | वागेश्वरी स्टील स्ट्रक्चर प्रा.लि. | ४८२३५३७ |

१३ **विद्युतिकरण कार्य :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार जटील प्रकृतिका हेभी मेसिन प्रयोग हुने काम उपभोक्ता समितिबाट गर्न नमिल्ने उल्लेख छ । साथै निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत संभार र जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष विद्युतीकरण कार्यक्रम तर्फ निम्नानुसार उपभोक्ता समिति संग सम्झौता गरी रु.२,६५,८८,८८०। भुक्तानी गरेको छ । विद्युतीकरण जस्तो प्राविधिक कार्यमा पर्याप्त दक्षता नभएको उपभोक्ता समिति संग सम्झौता गर्नु, सम्पन्न कार्य हस्तान्तरण नहुनुले जटिल प्रकृतिका प्राविधिक कार्य सन्तोषजनक रुपमा सम्पन्न भएको छ भन्ने सकिने अवस्था देखिएन यस सम्वन्धमा सुधार हुनु पर्दछ ।

| उपभोक्ता समिति | भूक्तानी रकम |
|---|---|
| विद्युत लाइन विस्तार त्रिवेनी -२ | २८,१३,६९७ |
| विद्युत लाईन विस्तार त्रिवेनी -३ | २७,३८,६१७ |
| विद्युत लाईन विस्तार त्रिवेनी -३ जुगार | २८,३८,०९२। |
| विद्युत लाईन विस्तार त्रिवेनी- ४ | ३९६२०१७ |
| विद्युत लाईन विस्तार त्रिवेनी-४ गैरीगाउं | ९,७०,०००। |
| विद्युत लाईन विस्तार त्रिवेनी-२ | ३०९९९१५। |
| विद्युत लाईन विस्तार त्रिवेनी-१ | २,९९९,३०८। |
| विद्युत लाईन विस्तार त्रिवेनी-७ | २४,४४,०००। |
| विद्युत लाईन विस्तार त्रिवेनी-३ | ६,०६,६८६। |
| विद्युत लाईन विस्तार त्रिवेनी-५ | ४१,१६,५४८। |
| **जम्मा** | **२,६५,८८,८८०** |

१४ **१६०।२०७६।३।१० -** वडा नं.१ देखि हुडढुङ्गा माडी सडक निर्माणको लागी ४४,४०,०००। को योजना अनुमोदन भई कार्य सम्पन्न भएको देखाई भूक्तानी खर्च लेखिसकेपछि पुन सोही योजनामा मिति २०७६।१।१५ कार्यपालिका वैठकको निर्णय भनी धनखानेकटेरी योजनाको १० लाख लक्षित समूहको वजेट वाट ३ लाख गरी १३ लाख रकमान्तर गरी सोही योजनामा भूक्तानी खर्च लेखेको देखिन्छ । यसरी एउटै योजनामा पटक पटक गरी कार्यक्रम संचालन गर्दा दोहोरो कार्य समेत हुने हुंदा यसरी आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण हुनुपर्ने देखिन्छ ।

१५

**जटिल प्रकृतिका कार्य उपभोक्ता समितिवाट गराएको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार जटील प्रकृतिका हेभी मेसिन प्रयोग हुने काम उपभोक्ता समितिबाट गर्न नमिल्ने उल्लेख छ। साथै निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सो को रेखदेख, मर्मत संभार र जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। कार्यालयले यस वर्ष विद्युतीकरण कार्यक्रम तर्फ निम्नानुसार उपभोक्ता समिति संग सम्झौता गरी उपभोक्ता समितिवाट गराएको छ।

| भौ.नं., मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भूक्तानी रकम | मु.अ.कर भूक्तानी |
|---|---|---|---|---|
| २२२।२०७६।३।३१ | मैती गैरीगाउं विद्युत विस्तार उ.स. | विद्युत विस्तार | ९,७०,०००। | ८९,४६६। |
| २२४।२०७६।३।३१ | वडन नं.२ विद्युत विस्तार उ.स. | विद्युत विस्तार | ३०९९९१५। | ३,००,५७७। |
| २२५।२०७६।३।३१ | वडा नं.१ विद्युत विस्तार उ.स. | विद्युत विस्तार | २९९९३०८। | ३६३,१२३। |
| १९४।०७६।३।२९ | वडा नं.७ विद्युत विस्तार उ.स. | विद्युत विस्तार | २४,४४,०००। | २,३९,७१५। |
| २०८।०७६।३।३१ | वडा नं.३ विद्युत विस्तार उ.स. | विद्युत विस्तार | ६०६६८६। | ४७५६०। |
| १८९।०७६।३।२९ | वडा नं.५ विद्युत विस्तार | विद्युत विस्तार | ४११६५४८। | ४४६८१९। |
| १८२।०७६।३।२५ | | नुवागाउं कोटनेटा सडक मेसिनवाट वाटो वनाउने कार्य | १९४००००। | २,६०,६४०। |
| १६९।०७६।३।२२ | खेलकूद मैदान उपभोक्ता समति | खेलकूद मैदान | ३८५२८५५। | ५,००,८७१। |
| १६८।०७६।३।२२ | | वहुउद्देश्यीय सभाहल निर्माण | ६०,००,०००। | ६९०२६५। |

१६

**बढी भूक्तानी :** प्राविधिक शिफारीस, भूक्तानी दिने टिप्पणी र कार्य सम्पन्न प्रतिवेदन अनुसार विभिन्न अग्रीम कर पारीश्रमिक कर, ढुवानी कर, धरौटी कट्टा गरी वांकी रकम वैंक खर्च लेख्नुपर्नेमा पुरै रकम वैंक खर्च देखाई बढी भूक्तानी भएकोले नियमानुसार कट्टी गर्नुपर्ने रकम सम्वन्धीत खातामा दाखिला भएको वैंक भौचर पेश हुनुपर्ने रु.

| भौ.नं., मिति | कामको विवरण | भूक्तानकिोलागि शिफारिस | वैंक भूक्तानी भएको | वढी भूक्तानी |
|---|---|---|---|---|
| २२२।३।३१ | मैती गैरगिाउं विद्युत विस्तार | ९५,४,७३७ | ९७०,०००। | १५२६३। |
| २२३।३।३१ | चेवास लंवास मोटर माटो निर्माण | १०५०४२। | १०६७००। | १६५९। |
| २२४।३।३१ | वडा नं.२ विद्युत विकास विस्तार | ३०५२३८२। | ३०,९९,९१५। | ४७,५३३। |
| २१५।३।३१ | काउलावोट चोरखोला कृषि सडक | १८१९४०। | ७७२०००। | १२५४०। |
| २१६।३।३१ | सूर्योदय मा.वि.विद्यालय मर्मत | ८७६१०। | ८९६५३। | २०४४। |
| २२५।३।३१ | वडा नं.विद्युत विस्तार | २९५७४०९। | २९९९३०८। | ४१,८९९। |
| २२६।३।३१ | सार्वजनिक शौचालय | ४६६५४७ | ४७११५२। | ४६०५। |

**१६८०६९।**

| | | | | |
|---|---|---|---|---|
| २१७।३।३१ | चुपनेटा खानेपानी योजना | ९५३४६५। | ९७००००। | १६,५९६। |
| २२०।३।३१ | जारखोला पाछावाङ्ग खानेपानी | १,९४,३३०। | २,००,०००। | ५,६७०। |
| २०९।३।३१ | वाल कल्याण आ.विद्यालय | १०,१०,०९५। | १०२६२३९। | १६,१४४। |
| २१२।३।३१ | लुदडाडा वाफे सोलारलिफ्ट खा.पा. | ९,५६,४३०। | ९,७०,०००। | १३५७०। |
| जम्मा | | | | **१६८०६९।** |

| | | | |
|---|---|---|---|
| १७ | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीषण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । स्थानीय तहहरुवाट लेखापरीषणको क्रममा राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र दाखिला एकिन हुन सकेन । बर्तमान स्थानीय तहवाट समेत यसमा बिशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | | |
| १८ | **आन्तरिक नियन्त्रणमा कमजोर देखिएका पक्षहरु :** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानिय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउंपालिकाले सो अनुसार नियमको पालना नगरी निम्नानुसार भएको देखिएको छ ।<br>उपभोक्ता समिति गठन उपभोक्ता निर्देशिका वमोजिम नहुनु, सार्वजनिक सुनुवाई कम हुनु ।<br>समयमा कार्यक्रम वजेट व्यवस्था नहुनु, आवश्यकताको आधारमा नभई दामासाही गर्ने अडान र प्रकृतिको कारण ठुला कार्य हुन नसकेको, लागत सहभागिता जुटाउन नसक्नु, प्रयास नहुनु, अपनत्व जगाउन नसकेको कारण दोहोरोपना, संसोधन, निर्णय प्रकृयामा पारदर्शिता अभाव देखिनु ।<br>उपभोक्ता समिति नाम मात्रको हुनु, उपसम्झौता गरी अन्य निर्माण व्यवसायीलाई नै उक्त कार्य गराउनु ।<br>आर्थिक वर्षको अन्तीम चौमासिक ठेक्का सम्झौता भै कार्य आषाढ महिनामा ५० प्रतिशत भन्दा बढी कारोबार हुनु ।<br>अधिकांश वाटो निर्माण सम्वन्धी कार्य जेष्ठ, आषाढमा हुंदा उक्त सडकको प्रयोग जनताले १ महिना पनि गर्न नपाउनु, वर्षाको कारण अवस्था पुन जस्ताको तस्तै रहनु ।<br>निरीक्षण अनुगमन नाम मात्रको हुनु, हाल सम्म प्राप्त प्रतिवेदन अनुसारको कार्य नभएको, कम भएको, तोकिए अनुसार नभएको, आदी उल्लेख भै नआउनुको साथै निरीषण संतोषजनक रहेको मात्र उल्लेख भै आउने गरेको । | | |
| १९ | **सञ्चित कोष :** स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धि आदेश, २०७४ को दफा ६३ अनुसार गाउँ पालिका वा गाउपालिकाको स्थानीय सञ्चित कोषसंग आवद्ध हुने गरी वडामा एक खर्च खाता रहने तथा चालु आर्थिक वर्षको अन्त्यमा वडाको खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेता पनि साविकका गाउँ विकास समिति र वडाहरुले आर्थिक वर्षको अन्त्यमा वांकि रहेको रकम सञ्चित कोषमा दाखिला गरेको नदेखिएकोले आदेशको पालना गरी उक्त रकम संचित कोषमा दाखिला गरिनु पर्दछ । | | |
| २० | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक | | |

| | | | |
|---|---|---|---|
| | गाउँपालिका र गाउंपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा गाउंपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | | |
| २१ | **१५।२०७६।३।२९ -** अनुदानमा वर्षे फलफुलको विरुवा वितरण तथा ढुवानी वापत विभिन्न कृषक समूहलाई कागती वेर्ना ३५०६, सुन्तला वेर्ना ३६८५, अनार वेर्ना ४६५ र टिम्मुर वेर्ना १४०५ वितरण गरे वापत रु.१,४८,२०५। भुक्तानी गरेको देखियो । स्वीकृत नर्म्स तथा कार्यक्रम अनुसार वितरण गरेको वेर्ना लगाउने व्यक्तिको अद्यावधिक अभिलेख, विरुवा लगाउने जमिन आदिको अद्यावधिक विवरण संलग्न छैन भने आर्थिक वर्षको अन्त्य सम्ममा वितरण गरेको प्रगतिको अवस्था, अनुगमन मूल्याकंन समेत भएको देखीएन । यसरी कहां कसले कति क्षेत्रफलमा लगाएको हो सो नखुल्ने , विरुवाको अवस्था समेत अद्यावधिक नरहेकोले वास्तविक रुपमा अनुदान दिइएको विरुवाको सही सदुपयोग भयो भएन यकीन गर्न सकिएन । तसर्थ यस सम्वन्धमा छानविन गरि वितरित विरुवा वाट अपेक्षित उपलब्धि हासिल गर्न कार्यालयले ध्यान दिनु पर्दछ । | | |
| २२ | **मूल्य अभिवृद्धि कर** : मूल्य अभिवृद्धि कर नियमावली, २०५२ को नियम ६ ग मा सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वापतको रकम सम्वन्धित निर्माण व्यवसायी वा आपूर्तिकर्तालाई भूक्तानी गर्दा निजलाई भूक्तानी गर्ने मूल्य अभिवृद्धि कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्वन्धीत राजश्व शिर्षकमा जम्मा गरी वांकी रकम मात्र भूक्तानी दिनुपर्ने, यसरी राजश्व रकम जम्मा गरेको जानाकारी भूक्तानी गर्ने कार्यालयले सम्वन्धीत निर्माण व्यवसायी वा आपूर्ति कर्तालाई दिनु पर्ने र जम्मा भएको कर रकम सम्वन्धीत निर्माण व्यवसायी वा आपूर्ति कर्ताले वुझाउनु पर्ने करमा मिलान गर्न पाउने व्यवस्था छ । उक्त संशोधित व्यवस्था मिति २०७६।२।१५ बाट लागु भएकोमा योजना कार्यालयल वाट देहाय वमोजिम भूक्तानीमा निर्माण व्यवसायीले पेश गरेको विल विजक अनुसार भूक्तानी गर्नुपर्ने मूल्य अभिवृद्धि रकमको ५० प्रतिशत रकम निजको नामबाट सम्वन्धीत राजश्व शिर्षकमा दाखिला गरेको देखिएन । अतः नियमावलीको व्यवस्था अनुसार ५० प्रतिशतले हुने रकम राजश्व शिर्षक ३३११४ मा दाखिला गर्नुपर्ने देखिएको रु. | **१५३७३६०।** | |

**मु.अ.कर रकम ५०% कट्टा नभएको :**

| **भौ.नं., मिति** | **कामको विवरण** | **निर्माण व्यवसायी /फर्म** | **भुक्तानी रकम** | **मु.अ.कर भुक्तानी** | **कट्टा गर्नुपर्ने ५०% रकम** |
|---|---|---|---|---|---|
| २२९।०७६।३।३१ | जुगार तिला सडक स्तरोन्नती | पुष्कर निर्माण सेवा | ३७७४२०३। | ४,९०६४६। | २४५३२३। |
| १६८।०७६।३।२२ | वहुउदेश्यीय सभाहल निर्माण | सिद्धार्थ हार्डवयर सप्लायर्स | ५७५२२३। | ७४७७८। | ३७३८९। |
| ,, | ,, ,, | जयहनुमान चिम्नी इटा उद्योग | १५१०००। | १९६३०। | ९८१५। |
| ,, | ,, ,, | भाग्यलक्ष्मी क्रसर उद्योग | ३००३५२। | ३९०४५। | १९५२२। |
| ,, | ,, ,, | पुन कन्स्ट्रक्सन प्रा.लि. | ३००३५२। | ३९०४५। | १९५२२। |
| २२२।०७६।३।३१ | मैती गैरीगाउं विद्युत विस्तार | वागेश्वरी स्टील | ६८८२००। | ८९४६६। | ४४७३३। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | स्ट्रक्चर | | | |
| २२३।०७६।३।३१ | चौवास लंम्वास मोटर वाटो नि. | पि.एण्ड पि कन्टक्सन | ११०६२५। | १४३८१। | ७१९०। |
| २२४।०७६।३।३१ | वडा नं.२ विद्युत विस्तार | वागेश्वरी स्टील स्टक्चर | २३१२१३५। | ३००५७७। | १५०२८८। |
| २१८। ,, | कोईलारामी डांडा सडक | मां अम्वे कन्ट्रक्सन | २६७१६३। | ३४७३१। | १७३६५। |
| २०८। ,, | वडा नं.३ विद्युत विस्तार | वागेश्वरी स्टील स्ट्रक्चर | ३६५८५०। | ४७५६०। | २३७८०। |
| २११। ,, | सहीदमार्ग पिराले मोटर वाटो | उपहार निर्माण सेवा | २६४६००। | ३४३९८। | १७१९९। |
| २००।०७६।३।३० | घोगे धनवाङ्ग सहीदमार्ग | धारापानी निर्माण सेवा | ४९८७२७। | ६४८३४। | ३२४१७। |
| २०३।०७६।३।३० | ढोट्नी पिपलवोट मोटर वाटो | धारापानी निर्माण सेवा | २२१८५०। | २८८४०। | १४४२०। |
| २०७।०७६।३।३१ | लिङ्गदुङ्ग रातामाटा सडक | जयमां अम्बे कन्ट्रक्सन | ३६२३९९। | ४७१११। | २३५५५। |
| १९४।०७६।३।२९ | वडा नं.७ विद्युत विस्तार | वागेश्वरी स्टील स्ट्रक्चर प्रा.लि. | १८४३९५५। | २३९७१५। | ११९८५७। |
| १९६।०७६।३।२९ | नेर्फा काउलावोट मोटर वाटो | शंकर लक्ष्मी कन्ट्रक्सन | १५९३००। | २०७०९। | १०३५४। |
| १८९। ,, | वडा नं.५ विद्युत विस्तार | वागेश्वरी स्टील स्ट्रक्चर | ३४३७०७६। | ४४६८१९। | २२३४०९। |
| १८२।०७६।३।२५ | नुवागाउं कोटनेटा सडक | पवित्रा निर्माण सेवा | २००४९२० | २६०६४०। | १३०३२०। |
| १८४।०७६।३।२६ | कोलावाङ्ग कृषि सडक ग्राभेल | पुन विल्डर्स | १९९११५। | २५८८४। | १२९४२। |
| १६८।०७६।३।२२ | खेलकूद मैदान निर्माण | पि.एण्ड पि. कन्ट्रक्सन | २६५५०००। | ३४५१५०। | १७२५७५। |
| १६८। ,, | ,, ,, | शंकरलक्ष्मी कन्ट्रक्सन | ७३२७८०। | ९५२६१। | ४७६३०। |
| १६९।०७६।३।२२ | वहुउदेश्यीय सभाहल घडेरी निर्माण | ,, ,, | २६१९६०। | ३४०५४। | १७०२७। |
| १७१।०७६।३।२३ | नेर्पा पोखरा डाडां मोटरवाटो | जयमां अम्बे कन्ट्रक्सन | ३०००००। | ३९०००। | १९५००। |
| १७५।०७६।३।२३ | नुवागाउं फिल्ड | पवित्रा | ९९५३६७। | १२९३९७। | ६४६९८। |

<table>
<tr><td></td><td>
<table>
<tr><td></td><td>निर्माण</td><td>निर्माण सेवा</td><td></td><td></td><td></td></tr>
<tr><td>१६७।०७६।३।२१</td><td>ट्रस भवन निर्माण रानागाउं</td><td>पश्चिमान्चल हार्डवयर</td><td>१६०६०४।</td><td>२०८७८।</td><td>१०४३९।</td></tr>
<tr><td>१५५।०७६।३।५</td><td>सिम्पानी कमेरेखानी मोटरवाटो</td><td>धारापानी निर्माण सेवा</td><td>४०३७६७</td><td>५२४८९।</td><td>२६२४४।</td></tr>
<tr><td>१५८।०७६३।६</td><td>वडा नं.१ कार्यालय सम्म वाटो निर्माण</td><td>पवित्रा निर्माण सेवा</td><td>३०५३०९।</td><td>३९६९५।</td><td>१९८४७</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>१५३७३६०</td></tr>
</table>
</td><td></td><td></td></tr>
<tr><td>२३</td><td>पेश्की : १३६।२१५ - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ ।<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । कार्यालयले जन निर्माण सेवालाई वडा ट्रस भवन निर्माण वापत दिइएकोमा समयमा पेश्कि फछ्र्यौट नगरेको कारण आ.व.०७५।७६ मा देहाय अनुसार पेश्की वांकी देखिएकोले उक्त पेश्की नियमानुसार असूल फछ्र्यौट हुनु पर्ने रु.</td><td>५,१७,९५६।</td><td></td></tr>
<tr><td>२४</td><td>पेश्की वांकी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ ।<br><br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । कार्यालयले देहाय अनुसार कर्मचारीलाई पेश्कि दिएकोमा समयमा पेश्कि फछ्र्यौट नगरेको कारण आ.व.०७५।७६ मा देहाय अनुसार पेश्की वांकी देखिएकोले उक्त पेश्की नियमानुसार असूल फछ्र्यौट हुनु पर्ने रु.
<table>
<tr><th>गो.भा.नं., मिति</th><th>संस्थाको नाम</th><th>रकम</th><th>शिर्षक</th></tr>
<tr><td>२०७६।३।२९</td><td>वडा सचिव प्रेम प्रकाश पुन</td><td>२१०००।</td><td>वाल अक्षकोष</td></tr>
</table>
</td><td>२१०००।</td><td></td></tr>
<tr><td>२५</td><td>मूल्य अभिवृद्धिकर ऐन २०५३ अनुसार असूल भएको मु.अ.कर राजश्व दाखिला गर्नु पर्दछ । त्रिवेणी निर्माण रोल्पाले आय ठेक्का वापत मु.अ.कर वाहेक रु.१०००१०। भुक्तानी गरेकोमा सो को १३ प्रतिशत मु.अ.कर रु.१३०००। असूल गरी राजश्व दाखिला गर्नुपर्ने रु.</td><td>१३०००।</td><td></td></tr>
<tr><td>२६</td><td>आर्थिक विवरण : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार नगरपालिकाको लेखा दोहोरो श्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नु पर्ने व्यवस्था छ । गाउपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको स्थिति देखाउदैन भने शीर्षकगत खर्चको स्थिति समेत मुल्यांकन गर्न सकिने स्थिति देखिएन ।</td><td></td><td></td></tr>
<tr><td>२७</td><td>उपभोक्ता समिति : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा अनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कानूनले तोकेका कार्य गरेको देखिएन ।</td><td></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| २८ | **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ को दफा नं १२ (७) अनुसार लक्षीत समुहको मागको आधारमा लक्षीत समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ । कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा गाउंपालीकाले कार्यक्रममा राखी खर्च गरेको कार्यक्रम कार्यविधिको परिपालना भएको देखिएन । यस्ता कार्यमा सुधार हुनु पर्दछ । | | |
| २९ | **सामाजिक सुरक्षा :** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ नेपाल सरकार संघ संस्था मित्रराष्ट्र तिनका निकायवाट मासिक रुपमा तलव भत्ता पेन्सन वा यस्तै प्रकारका अन्य कुनै मासिक सुविधा पाइरहेका व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता पाउने छैनन् ।<br><br>वालवालिकाको आमा वावु मध्ये कुनै एक सरकारी वा औपचारीक सेवामा कार्यरत भएमा कुनै व्यवसाय दर्ता गरी संचालन गरी रहेको भएमा यो भत्ता प्राप्त हुने छैन ।<br><br>दोहोरो हुनेगरी भत्ता पाएको जानकारी हुन आएमा मासिक तलव भत्ता वा पेन्सन प्रदान गर्ने कर्यालयमा सो सुविधा तत्काल रो क ागर्न प्रचार गरी सामाजिक सुरक्षा भत्ता समेत रोक्का गर्नुपर्ने छ ।<br><br>मृत्यु भएमा, वसाई सरी गएमा, एकल वा महिलाले विवाह गरेमा , ५ वर्ष उमेर पुगेमा नविकरण, नभएमा लगत कट्टा गर्नुपर्ने व्यवस्था छ । यसरी वर्षभरीमा भए गरेका कार्यको लगत कट्टा गरी व्यवस्थित गरिएको देखिएन ।<br><br>मन्त्रालय, विभाग र जिल्ला समन्वय समितिको कार्यालयले भत्ता वितरण कार्य प्रकृयाको निरीषण अनुगमन गर्नुपर्नेमा सो अनुसार अनुगमन, निरीषण गरेको देखिएन । | | |
| ३० | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा गाउंपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । महानगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । महानगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीषणका क्रममा गाउंपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीषणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । गाउंपालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | | |
| ३१ | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा गाउंपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखि कर असूलिलाई प्रभाबकारी बनाउने तर्फ सम्वन्धित निकायको ध्यान जानु पर्दछ । | | |
| ३२ | **वक्यौता कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ९ वमोजिम गाउंपालिकाले कर, शुल्क संकलन गर्ने व्यवस्था छ । यस गाउंपालिकामा दर्ता भएका व्यवसायलाई व्यवसाय नविकरणको लागि व्यवसाय कर, घर वहाल कर लेखापरिक्षणको क्रममा व्यवसायीले व्यवसाय नविकरण गरेको प्रमाण पेश भएन । | | |

| | | | |
|---|---|---|---|
| ३३ | **अग्रीम कर रकम कट्टी भएको :** आयकर ऐन २०५८, को दफा ८९ अनुसार मु.अ करमा दर्ता भै भुक्तानी पाउने ब्यक्ति फर्म निर्माण व्यवसायी लाई भुक्तानी दीदा अग्रीम कर कट्टागरी भुक्तानी दीनुपर्ने व्यवस्था छ । कार्यालयले कट्टा गर्नुपर्ने कर कट्टा नगरेको र कम कट्टा भएको देहाय अनुसार भुक्तानी रकमको नियमानुसार अग्रीम कर असुल गरी दाखिला हुनुपर्ने रु. | २५५६९। | |

| **भौ.नं., मिति** | **कामको विवरण** | **करकट्टा गर्नुपर्ने** | **करकट्टा भएको** | **नपुग भएको** |
|---|---|---|---|---|
| २१।०७६।३।३१ | लुदडांडा वाफे सोलार | २५७१३। | १३१७०। | १२५४३। |
| १९८।०७६।३।३० | मेसीनरी औजार | १३६१। | - | १३६१। |
| १४।०७६।५।२० | ख.लुमा बस्नेत पे.फ. बोका खरिद | १४७८। | - | १४७८। |
| १।०७६।३।२१ | पशु भवन निर्माण कार्य ढुवानी तथा खरिद | १०१८७ | - | १०१८७ |
| | | | | **२५५६९।** |

| | | | |
|---|---|---|---|
| ३५ | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई गाउंपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सफ्टवेयरले पेश्कि रकमलाई दोहोरो वजेट खर्च देखाउने, भौचरहरु सहज तरिकाले परिमार्जन गर्न नमिल्ने देखिएकोले विद्युतिय प्रणालीमा राखिएको लेखा भरपर्दो देखिएन । सफ्टवेयरको विस्वासनियता परिक्षण गरी सम्वन्धित निकायवाट स्विकृति समेत लिएको नदेखिएकोले गाउंपालिकाको आय-व्ययको हिसाव यथार्थपरक छ भनि विश्वस्त हुन सकिएन यसमा छानबिन हुनुपर्दछ । | | |
| ३६ | **स्थानिय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाउंसभा तथा नगर सभाका सदस्यले पाउने सुविाका सम्वन्धमा प्रदेश कानून वमोजिम हुने व्यवस्था अनुसार प्रदेश नं.५ प्रदेश संसदले स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार त्रिवेणी गाउंपालिका को कार्यालयले रु.९६७२०००। सुविधावापत भुक्तानी भएको छ । | | |

| विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख | वडा अध्यक्ष ७ जना | कार्यपालिका सदस्य २८ जना | सभाका सदस्य ३८ जना | जम्मा |
|---|---|---|---|---|---|---|
| मासिक सुविधा | ३०,०००। | २७,०००। | १,४०,०००। | ३,३६,०००। | २,६६,०००। | ७,९९,०००। |
| संचार सुविधा -मासिक दर) /एकमुष्ठ | २०००। | १५००। | १५००। | - | - | - |
| वैंठक भत्ता (संख्याको आारमा) प्रति वैंठक | ७००। | ७००। | ७००। | ७००। | ७००। | |
| खाजा भत्ता मासीक | - | - | - | - | - | - |
| पुस्तक पत्र पत्रिका -मासिक) | - | - | - | - | - | - |
| अनुगमन भत्ता -मासीक) /वार्षिक | | | | | | |
| खानेपानी ,विजुली महसुल -मासीक) | - | - | - | - | - | - |

<table>
<tr><td></td><td><table>
<tr><td>सरसफाई, मर्मत - मासीक)</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>अतिथि सत्कार ( मासीक)</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>यातायात खर्च ( मासीक)</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>-</td><td>-</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>३७</td><td>रकमान्तरः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ मा स्थानीय तहले स्वीकृत वजेटको अधिनमा रही कुनै शीर्षकवाट पुँजिगत शिर्षकमा २५ प्रतिशतमा नवढाई रकमान्तर गर्न सक्ने व्यवस्था छ । गाउंपालिकाले कार्यकारी वैंठक तथा परिषद वाट एक कार्यक्रमबाट अर्को कार्यक्रममा विभिन्न योजनावाट एउटै योजनामा कार्यक्रम संचालन गरी कार्यक्रम संचालन गर्ने गरेको नियम अनुसार देखिएन ।</td><td></td><td></td></tr>
<tr><td>३८</td><td>योजना र कार्यान्वयनः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । गाउंपालिकाले सतप्रतिशतमा वोट विरुवा अनुदान, पशु पन्छी अनुदान, जस्ता कार्यक्रम राख्ने गरेकोमा प्रदेश सरकार संघीय सरकार वाट समेत सोही प्रकारको अनुदान प्राप्त हुने हुंदा एउटै प्रकृतिको कार्यक्रम गाउंपालिकाबाट संचालन गर्दा एकै प्रकृतिको कार्यक्रम दोहोरो खर्च नभएको अवस्था छ भनी भन्न सकिने अवस्था देखिएन ।</td><td></td><td></td></tr>
<tr><td>३९</td><td>सम्झौता विपरित कार्यः सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार वोलपत्रदाताले स्पेशिफिकेशन अनुरुप मालसामान नवुझाएमा आपुर्तीकर्ता लाईनै फिर्ता गरी स्पेशिफिकेशन वमोजिमको सामान आपुर्ति गर्नुपर्ने व्यवस्था छ । फरक स्पेशिफिकेसन भएको सामान स्वीकार गर्नेलाई आवश्यक कारवाही समेत गर्नुपर्दछ ।</td><td></td><td></td></tr>
</table>

४० **ननफाईलरलाई मू.अ.कर भूक्तानी :** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ७ बमोजिम असूल गरेको मूल्य अभिवृद्धि कर विवरण अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण पेश गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालय संग खरिद सम्झौता गरेका देहायका निर्माण व्यवसायीहरुले कार्यालयमा कर विजक पेश गरी मू.अ.कर भूक्तानी लिएकोमा आन्तरिक राजश्व विभागको वेभसाइटवाट मिति २०७६। ५। १० मा प्यान खर्च गर्दा ती निर्माण व्यवसायीले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मासिक कर विवरण समेत नबुझाई ननफाइलर देखाएको हुदा कार्यालयबाट भूक्तानी दिएको मु.अ.कर रकम मूल्य अभिवृद्धि कर ऐन, २०५२ अनुसार लाग्ने जरिबाना समेत असूल गर्नु पर्ने रु.

| भौ.नं., मिति | निर्माण व्यवसायी/फर्म | स्थायी लेखा नम्वर | भूक्तानी रकम | मु.अ.कर रकम | Non filer since |
|---|---|---|---|---|---|
| १८२।०७६।३।२५ | पवित्रा निर्माण सेवा (विजक नं.१२ हातले लेखेको) | ६०८४९१२२६ | २०,०४,९२०। | २६०६४०। | ०७६ जेष्ठ देखी ननफाईलर |
| २।०७६।२।८ | पवित्रा निर्माण सेवा | ,, | ४३७०७०५। | ५,६८,१९१। | ,, |
| १७५।०७६।३।२३ | पवित्रा निर्माण सेवा | ,, | ९,९५,३६७। | १२९३९७। | ,, |
| १७७।०७६।३।२४ | पवित्रा निर्माण सेवा | ,, | १५९२९। | २०७०। | ,, |
| १६८।०७६।३।२२ | (विजक नं.७ मिति २०७६।३।२ | ,, | १२,७८,५२३। | १,६६,२०७। | ,, |
| १५१।०७६।३।४ | धारापानी निर्माण सेवा | ६०६८०४७४५ | ४०७१६। | ५२९३। | २०७५ चैत्र देखी नन्फाईलर |
| २००।०७६।३।३० | ,, ,, | ,, | ४९८७२७। | ६४८३४। | ,, |
| २०३।०७६।३।३० | ,, ,, | ,, | २२१८५०। | २८८४०। | ,, |
| १५५।०७६।३।५ | ,, ,, | ,, | ४०३७६७। | ५२४८९। | ,, |
| १५८।०७६।३।६ | पवित्रा निर्माण सेवा | ६०८४९१२२६ | ३०५३०९। | ३९६९५। | ०७६ जेष्ठ ,, |
| | | | | **१३१७६५६।** | |

**१३१७६५६।**

४१ **भेरिएसन : आईटम वाईज भेरिएसन स्वीकृत वेगर उपभोक्ता समिति लाई भेरिएसन रकम भूक्तानी :** भेरिएसन अर्डर स्वीकृत गरी खर्च गर्दा अनिवार्य रुपमा प्राविधिक पुष्ट्याई सहित रिवाईज कष्ट इस्टिमेट स्वीकृत गराएर मात्र भूक्तानी गर्ने, Original cast Estimate तथा BOQ को Ouantites भन्दा वढी Quantity को भूक्तानी गर्नु अगाडी अनिवार्य रुपमा भेरिएशन अर्डर तथा Revised cast Estimate स्वीकृत गराएर मात्र भूक्तानी गर्ने उल्लेख छ । कार्यालयले भेरियसन आदेश स्वीकृत नगराई देहाय अनुसार आईटम वाईज भेरियसन वढी भूक्तानी भएकोमा भेरियसन स्वीकृतको प्रमाण पेश नभएकोले उक्त खर्चलाई नियमित खर्च मान्न नसकिने रु.

| भौ.नं., मिति | कामको विवरण | नयां कार्य थप | आइटम भेरिएसन रकम |
|---|---|---|---|
| २१८।०७६।३।३१ | कोईला रामीडाडा सडक | नरम माटो काट्ने | २५,३५६। |
| २०८।०७६।३।३१ | वडा नं.३ विपुल लाईन विस्तार | लाईन कन्ट्रक्सन | २८,०००। |
| २०९।०७६।३।३१ | वालकल्याण नमूना आ.मा.वि. | ढुंगाको गारो | १६५४६। |
| २११।०७६।३।३१ | सहिदमार्ग विराले मोटरवाटो | माटोको काम | २८,८९५। |
| २१२।०७६।३।३१ | लुदडाडा वाफे सोलार | ,, | १४,६५९। |

**९४१६३८।**

| | | | |
|---|---|---|---|
| | लिफ्ल खानेपानी | | |
| २०५।०७६।३।३० | नेर्पा वजार ढल व्यवस्थापन | सिमेन्ट कंक्रीट | १०७४०१। |
| २०७।०७६।।३१ | लिडदुङ रातामाटा सडक | माटो काट्ने कार्य | ५७,५२६। |
| १९०।०७६।३।२९ | सरस्वती मा.वि. पक्की पर्खाल | गारोलगाउने कार्य | २८,९८५। |
| १९६।०७६।३।२९ | नेर्पा काउलावोट मोटर वाटो | माटो काट्ने | १८५८५। |
| १८६।०७६।३।२७ | लिडदुङ्ग रातामाटा खानेपानी | ,, | २४,०३०। |
| १८२।०७६।३।२५ | नुवागाउ कोटनेटा सडक | ,, | १०११२२। |
| १६९।०७६।३।२२ | खेलकूद मैदान निर्माण | ,, | ६७,१४२। |
| १६८।०७६।३।२२ | सभाहल भवनको घडेरी निर्माण | ,, | ४०९७३। |
| १७५।०७६।३।२३ | नुवागाउं फिल्ड निर्माण | ,, | ५९९७९। |
| १७७।०७६।३।२४ | २ नं.वडा अन्य सडक मर्मत | ,, | २५३५०। |
| १५५।०७६।३५ | सिमपानी कमेरेखानी मोटरवाटो चट्टान काट्ने | कडा चट्टान | १२,९०५। |
| २।०७६।२।८ | हुडदुङ माडी मोटरवाटो | कडा चट्टान | २८४१८४। |
| | | | **९,४१,६३८।** |

| | | | |
|---|---|---|---|
| ४२ | **विमा:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु १० लाख भन्दा वढिको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको विमा गर्नुपर्ने व्यवस्था छ । सो अनुसार निर्माण कार्यहरु कुनैमा पनि विमा गर्ने गरेको देखिएन । | | |
| ४३ | **गुणस्तर परिक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । गाउंपालिकाले रहेका सामानको गुणस्तर परीक्षण गरेको पाइएन । नियमावलीमा तोकिए अनुसार मालसामान निरीक्षण वा परीक्षण गरी गुणस्तर जांच गर्ने गरेको पाइएन । | | |

**अनुगमन तथा मूल्याङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| **९०७८५७३।** | **८०३७९६९।** | **१०४०६०४।** |

**अद्यावधिक बेरुजु स्थिति :** त्रिवेणी पालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. (D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी (F= C+D+E) |
|---|---|---|---|
| **१०४०६०४।** | **-** | **५७८०९२८।** | **६८२१५३२।** |

**अनुसूची- १**

## त्रिवेणी गाउपालिका सञ्चित कोष विवरण
## आर्थिक वर्ष २०७५।७६

**(रु.हजारमा)**

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १ | त्रिवेणी गाउपालिका | रोल्पा | ५२५८० | ९०७९५ | १९३५८७ | ७२६२४। | ४०९५८६ | २१९५०६ | १३२५८२ | ७२७ | ३५२८१५ | ५६७७१ |

**अनुसूची– २**

## त्रिवेणी गाउँपालिकाको बेरुजू बर्गीकरण
## आर्थिक वर्ष २०७५।७६

**(रु.हजारमा)**

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १ | रोल्पा | त्रिवेणी गाउंपालिका | ३० | १५ | ५८३७ | ० | ६ | ५६ | ३० | १३ | ५७८१ | ३१८३ | १८१४ | २४५ | ० | ० | २०५९ | २१ | ५१८ | ५३९ |

## त्रिवेणी गाउपालिका अद्यावधिक वेरुजु स्थिति २०७५।७६

अनुसूची -३
(रु.हजारमा)

| स्थानिय तह | जिल्ला | गत वर्षको वांकी | यो वर्षको फछ्र्यौट | वांकी | यो वर्ष सं.प.वाट कायम भएको वेरुजु | यो वर्षको बेरुजु | कूल वांकी वेरुजु |
|---|---|---|---|---|---|---|---|
| १. त्रिवेणी गाउपालिका | रोल्पा | ९०७८ | ८०३७ | १०४० | - | ५७८० | ६८२१ |